बैठक संख्या ३० मिति २०८०।६।०३
कार्यपालिकाको निर्णय प्रमाणित

**बैठक संख्याः ३०/०८०-८१, मिति २०८०/०६/०३ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

**निर्णय नं.१:** अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुमा माथी समिक्षा गरियो, साथै कार्यन्वयन नभएका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न निर्देशन दिने ।

**निर्णय नं. २:** यस नगरपालिकाको तपशिलका नियामावली र कार्यविधि छलफलका लागि बैठकमा प्रस्ततु भई उठेका राय सुझाबलाई समेटी स्वीकृत प्रदान गर्ने ।

क. "गुर्भाकोट नगरपालिका औधोगिक व्यवसाय नियमावली २०८०"
ख. गुर्भाकोट नगरपालिका व्यापार व्यवसाय नियमावली २०८०"
ग. " महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/०८२) कार्यान्वयन सम्बन्धी गुर्भाकोट नगरपालिकाको कार्ययोजना कार्यावन्यन स्थानीय समिति सम्बन्धी कार्यविधि २०८०"

**निर्णय नं. ३:** क. यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०।०५।१० गतेको शिक्षकको तलब भत्ता र विद्यालय अनुदान सम्बन्धी निर्णय अनुमोदनको लागि पेश भएकोमा उक्त निर्णय स्वीकृत गर्ने ।
ख. वर्षातका कारण क्षति भएका तपशिलका विद्यालयहरु मर्मतका लागि देहाय बमोजिमको रकम विद्यालय पूर्वाधार सुधार तथा मर्मतबाट विनियोजन गर्ने ।

- सृजना प्रावि श्रीवानी मर्मत वडा नं ७ - ४२०००।-
- भेरी मा वि बरन्डा मर्मत वडा नं १० - (प्राविधिक इस्टिमेट बमोजिम)
- सुर्य ज्योती प्रावि टाँटी शौचालय निर्माण वडा १२ (प्राविधिक इस्टिमेट बमोजिम)
- ने रा आ वि पंडितकान्ला शौचालय निर्माण वडा नं १४ - (प्राविधिक इस्टिमेट बमोजिम)
- ज्ञानज्योती प्रावि काल्चे शौचालय निर्माण वडा नं १ - (प्राविधिक इस्टिमेट बमोजिम)

ग कालिका माध्यामिक विद्यालय धारापानीको भवन निर्माणको लागि जग्गा प्रासि गर्न तपशिलको चारकिल्लामा रही आवश्यक प्रकृया अगाडी बढाउने र भवन निर्माणको निमित्त डि.पि.आर गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने

क. पूर्व- प्रति ऐलानी बनक्षेत्र
ख. पश्चिम- तुलसी बुढा (कित्ता नं. ७१,१४०)
ग. उत्तर- सेर बहादुर खत्री (कित्ता नं. ५८)
घ. दक्षिणमा प्रति ऐलानी बन क्षेत्र

**निर्णय नं. ४: स्वास्थ्य शाखा प्रमुख सम्बन्धमाः-**
क. यस नगरपालिका अन्तर्गत स्वास्थ्य शाखामा अधिकृत स्तर सातौ तह जनस्वास्थ्य अधिकृत पद रित्त भई शाखा प्रमुख खाली भएकोले अनुभव र कार्यक्षमताका आधारमा नगरपालिका अन्तर्गतका संस्थाहरुमा कार्यरत रहेका छैठौ तह अधिकृतमध्येका स्वास्थ्य चौकी गुमीका प्रमुख अधिकृतस्तर छैठौ तह जनवास्वास्थ्य निरिक्षक श्री पूर्ण बहादुर घर्तीलाई शाखा प्रमुखको जिम्मेवारी दिन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । साथै यस निर्णय पश्चात जनस्वास्थ्य अधिकृत सातौं तहमा सरुवा, बढुवा वा नयाँ नियुक्ति भई जनशक्ति आपूर्ति हुन आएमा सातौं तहमा उपलब्ध कर्मचारीलाई शाखा प्रमुखको जिम्मेवारी स्वतः दिने गरी खटनपटन गर्न नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने पनि निर्णय गरियो ।

ख. प्रदेश सरकार समपुरक र यस नगरपालिकाको साझेदारीमा विनियोजन भएको रकमबाट निम्न स्थानका स्वास्थ्य संस्थामा पूर्वाधार निर्माणको लागि टेण्डर प्रकृया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

क. आधारभूत स्वास्थ्य केन्द्र राम्रीकाडा भवन वडा नं. १

ख. शहरी स्वास्थ्य केन्द्र मेहेलकुना भवन वडा नं.८

ग. गाउँघर क्लिनिक राजीगाउँ वडा नं. ५

घ. गाउँघर क्लिनिक पल्लो मालारानी वडा नं. २

ङ. गाउँघर क्लिनिक डोब वडा नं.३

च. गाउँघर क्लिनिक सिम्ले वडा नं. १२

छ. गाउँघर क्लिनिक गाडापानी वडा नं. ११

ज. गाउँघर क्लिनिक काल्चे वडा नं. १

झ. गाउँघर क्लिनिक पोखरा वडा नं. ४

ञ. गाउँघर क्लिनिक दाप्चा वडा नं. ९

**निर्णय नं. ६:** यस नगरपालिका र संघीय सरकार समपुरक योजना वडा नं. १,३,४,६,८,१०,११,१३ को विनियोजित रकमबाट वडा नं. १ र ११ को भवन निर्माणको लागि टेण्डर प्रकृया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । साथै वडा नं. १ को वडा कार्यालयको र आधारभूत स्वास्थ्य संस्थाको भवन निर्माण गर्न जग्गाको प्राप्तिको लागि वडाबाट सल्लाघारी राम्रीकाडा स्थान छनौटको लागि सिफारिस भइ आएकोमा उक्त स्थान स्वीकृत गर्ने ।

निर्णय नं ७: वडा नं. ६ को वडा कार्यालय भवनका लागि जग्गा प्राप्ति गर्न स्थानको छनौट सम्बन्धमा समुदायमा विवाद देखिन आएकोले सोको दिर्घकालिन समाधान तथा आम नागरिकको भावनात्मक एकता कायम गर्न तपसिल वमोजिमको कलष्टरमा स्थलगत रुपमा पुगि जनमत संकलन गरी नगर कार्यपालिकालाई राय सहितको प्रतिवेदन पेश गर्न प्रशासकीय अधिकृत चित्र ढकालको संयोजकत्वमा अमिन काँशिराम शर्मा र योजना शाखा प्रमुख निरक केसिलाई खटाउने ।

१. केरेनी डाँडा

२. नक्कले विद्यालय

३. वडाखोली वजार

४. कट्पङ्गे चौर

५. तोरीवारी चोक

६. निमारे चोक

**निर्णय नं. ८:** यस नगरपालिका वडा नं. १२ शुभाघाट स्थित देउती बज्यै मन्दिर निर्माण गर्न प्रदेश सरकारबाट रु. ७० लाख बजेट विनियोजन भएकोमा उक्त मन्दिरको डि.पि.आर. को लागि रु. ३ लाख रकम वार्षिक स्वीकृत कार्यक्रम नगर स्तरीय योजना पर्यटन क्षेत्रको विकास तथा प्रचार प्रसार कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने ।

**निर्णय नं. ९: विविध**

क. यस नगरपालिकाका वार्षिक स्वीकृत कार्यक्रम मध्ये सडक तर्फका योजनाहरु निर्माण व्यवसायी मार्फत प्रतिस्पर्धात्मक प्रक्रियाबाट मात्र सम्झौता गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । वडा कार्यालयबाट कार्यान्वयन हुने एकै प्रकृतिका सामानहरु जस्तै त्रिपाल, पाइप, तारजाली, होमपाइप आदी नगर कार्यपालिका कार्यालयले एकमुष्ठ रुपमा खरिद गर्ने ।

ख. प्रहरी चौकी मेहेलकुनाको पानीको विल भुक्तानीको लागि माग भएकोमा अन्तिम एक पटक उपयुक्त शिर्षकबाट बिल अनुसार भुक्तानी दिन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

बैठक संख्या ...५७... मिति ०८०।०६।२८
कार्यपालिकाको निर्णय प्रमाणित

ग. शुभाघाट शहरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिले संस्था नवीकरणको लागि पेश गरेकोमा नियमानुसार संस्था नवीकरण गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

घ. यस नगरपालिकाको तपशिलका खानेपानी मूहान दर्ताको लागि आवश्यक प्रकृया पुरा भइ स्वीकृतका लागि पेश भएकोमा नियामानुसार दर्ता गर्न स्वीकृत प्रदान गर्ने ।

१. तुसारे नादेकोट लिफ्ट खानेपानी उ.स. वडा नं. ९

२. झालेपहर दाप्चा खानेपानी उपभोक्ता समिति वडा नं. ४

ङ. इलाका प्रशासन कार्यालय गोकलपुरको कार्यालय उद्घघाटनमा सिलालेख लेखनको रकम रु. २३०००।- माग गरेकोमा विविध खर्चबाट भुक्तानी दिने ।

च. यस नगरपालिकाका तपशिलका योजनाहरुको म्याद २०८० मंसिर मसान्त सम्म थप गर्ने ।

१. सडक वोर्ड नेपाल वर्दी रिङरोड(बाघखोर-वर्दी,वरडाडा-ढाब)- ड्रिमल्याण्ड डेभलपर्स प्रा.ली.

२. वडाखोली-केरेनी विरकट्टे सडक- कालभैरब निर्माण सेवा वीरेन्द्रनगर सुर्खेत ।

३. गुमी क्यामपस फिल्ड निर्माण- उमा कन्ट्रक्सन प्रा लि

४. झालेपहर लिफ्ट खानेपानी योजना वडा नं. ४ र ९

छ. १२ र २० भदौको अवसरमा वडा नं. ८ मा छेलो खेलकुद प्रतियोगिता भएकोले रु. ४००००।- खर्च भुक्तानीको लागि माग गरेकोमा नगर स्तरीय खेलकुद विकास प्रर्वद्धन कार्यक्रमबाट भुक्तानी दिने ।

ज. गुमी बहुमुखी क्याम्पसको पेटी, पाता र ग्रील कार्यको लागि रु. १० लाख नगर स्तरीय योजना भवन निर्माण तथा मर्मत विविध शीर्षकबाट विनियोजन गर्ने र सिटिहलमा सवारी पार्किङको लागि ट्रस निर्माण गर्न प्राविधिक इस्टिमेट बमोजिम कार्य अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

झ. यस नगरपालिका आर्थिक वर्ष २०७९/०८० मा भुक्तानी दिन बाँकी रहेको तपशिल अनुसारको म.ले.प. फा.नं. २७२ वित्तिय प्रतिवेदन र मान्य अवधिमा नसाटिएका चेक विवरणलाई स्वीकृत गर्ने र उक्त खर्चलाई यस आर्थिक वर्षको विनियोजित बजेटको उपयुक्त शिर्षकबाट भुक्तानी दिने साथै कार्यरत सवारी चालक मिनल रावत क्षेत्री, कार्यालय सहयोगी मेनुका सुनार र सुपरभाइजर जीवन ढकालको गत आ.व.को तलब भत्ता भुक्तानी दिन बाँकी रकम यस आर्थिक वर्षको उपयुक्त शिर्षकबाट भुक्तानी दिन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।